# <u>निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** विकास र वातावरण बीच सन्तुलन कायम गरी भौतिक संरचनाको निर्माणमा अत्यावश्यक वस्तुको रुपमा रहेको निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्रीको दिगोपन तथा सहज आपूर्तिको व्यवस्थापन तथा नियमन गर्न बाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) ऐन, २०८० रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा ३२ बमोजिम गठित अनुगमन समिति सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले यस ऐन बमोजिम निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी वा उद्योग सम्झनु पर्छ र सो शब्दले दफा ११ को उपदफा (६) बमोजिम कार्यादेश प्राप्त व्यक्ति, फर्म, कम्पनी वा उद्योगलाई समेत जनाउँछ।

(ग) "उद्योग" भन्नाले दफा ७ को उपदफा (३) बमोजिम दर्ता गराएको उद्योग सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम दर्ता भएको क्रसर उद्योगलाई समेत जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नदीजन्य निर्माण सामग्री" भन्नाले भौतिक संरचनाको निर्माणमा प्रयोग गरिने नदी, खोला, खहरे, खोल्सा वा त्यसको किनाराबाट प्राप्त हुने ढुङ्गा, गिट्टी बालुवा, गेग्रान  तथा माटो सम्झनु पर्छ।

(च) "निर्माणमुखी खनिज क्षेत्र" भन्नाले दफा ३ बमोजिम पहिचान भएको खनिज क्षेत्र सम्झनु पर्छ ।

(छ) "निर्माणमुखी खनिज पदार्थ" भन्नाले भौतिक संरचनाको निर्माणका लागि प्रयोग गरिने खनिज क्षेत्रमा उत्खननबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, गेग्रान तथा माटो निर्माणमुखी सम्झनु पर्छ।

(ज) "निर्माणमुखी सामग्री" भन्नाले नदीजन्य निर्माण सामग्री वा निर्माणजन्य खनिज सामग्री सम्झनु पर्छ।

(झ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा स्वीकृत प्रतिवेदन सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा २८ बमोजिम गठित केन्द्रीय समन्वय तथा सहजीकरण समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## निर्माणमुखी खनिज क्षेत्रको पहिचान, संरक्षण तथा उत्खनन

३. **निर्माणमुखी खनिज क्षेत्रको पहिचान गर्नेः** (१) नेपाल सरकारले सरकारी वा सार्वजनिक जग्गामा निर्माणमुखी खनिज पदार्थको उत्खनन, सङ्कलन र प्रशोधन गर्ने प्रयोजनको लागि निर्माणमुखी खनिज क्षेत्रको पहिचान गरी प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खनिज क्षेत्र पहिचान गर्नुअघि त्यस्तो क्षेत्रको भौगर्भिक अध्ययन र सर्भेक्षण गरी भौगर्भिक दृष्टिकोणबाट निर्माणमुखी खनिज क्षेत्र सञ्चालन गर्न उपयुक्त र सम्भाव्य भए वा नभएको यकिन गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका क्षेत्रमा निर्माणमुखी खनिज क्षेत्र पहिचान गर्न सकिने छैनः-

(क) चुरे क्षेत्र वा चुरे क्षेत्रबाट तोकिएको दुरीभित्र पर्ने क्षेत्र,

(ख) राष्ट्रिय निकुञ्ज क्षेत्र, वन्यजन्तु आरक्ष क्षेत्र, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र, रामसार क्षेत्र, वनस्पति उद्यान,

(ग) वन क्षेत्र, वनस्पति संरक्षणको लागि तोकिएको विशेष क्षेत्र, संरक्षित जलाधार क्षेत्र,

(घ) अन्तर्राष्ट्रिय सीमा विन्दुबाट तोकिएको दुरीभित्रको क्षेत्र,

(ङ) घनाबस्ती वा शहरी विकास भइसकेको वा शहरी विकासका लागि जग्गा विकास भएको क्षेत्र,

(च) धार्मिक, सांस्कृतिक, सौन्दर्य, पर्यटकीय वा ऐतिहासिक कारणले कुनै पहाड, पखेरो, नदी, खोला वा प्राकृतिक वनावटलाई यथास्थितिमा राखी संरक्षण गर्नुपर्ने क्षेत्र,

(छ) नेपाल सरकारले तोकेको अन्य क्षेत्र ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् जोखिमको न्यूनीकरण गर्न हटाउनुपर्ने भनी नेपाल सरकारले पहिचान गरेको निर्माणमुखी खनिज क्षेत्रमा

तोकिए बमोजिमको विशेष सावधानी अपनाउने गरी सोही उपदफाको खण्ड (क), (ख) वा (ग) बमोजिमको क्षेत्रमा निर्माणमुखी खनिज क्षेत्र पहिचान गरी प्रयोगमा ल्याउन सकिनेछ ।

(५) नेपाल सरकारले यस दफा बमोजिम पहिचान भएको निर्माणमुखी खनिज क्षेत्रको जानकारी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहलाई दिनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो निजी जमिनमा निर्माणमुखी खनिज पदार्थको उत्खनन वा सङ्कलन गरी बिक्री गर्न चाहेमा तोकिए बमोजिमको स्वीकृति लिनुपर्नेछ। त्यस्तो स्वीकृति लिनुअघि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

तर आफ्नो घरायसी प्रयोजनका लागि निजी जमिनबाट निर्माणमुखी खनिज पदार्थ उत्खनन गर्न यस उपदफा बमोजिमको स्वीकृति र वातावरण अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन ।

(७) उपदफा (६) बमोजिमको कार्य गर्दा अन्य व्यक्तिको जग्गालाई प्रतिकूल असर पर्ने गरी गर्न पाइने छैन।

(८) उपदफा (६) बमोजिमको प्रतिवेदनमा सम्बन्धित क्षेत्रको भौगर्भिक अध्ययन र सर्वेक्षण गरी भौगर्भिक दृष्टिकोणबाट उपयुक्त र सम्भाव्य भए वा नभएको प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

(९) निजी जमिनमा निर्माणमुखी खनिज पदार्थ पहिचान तथा प्रयोग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खानी तथा खनिज पदार्थ सम्बन्धी प्रचलित कानून आकर्षित हुने खनिज क्षेत्रमा यस दफा बमोजिम निर्माणमुखी खनिज क्षेत्र पहिचान गर्न सकिने छैन।

४. **निर्माणमुखी खनिज क्षेत्रको सिमाना निर्धारणः** (१) नेपाल सरकारले दफा ३ बमोजिम पहिचान गरेको निर्माणमुखी खनिज क्षेत्रबाट निर्माणमुखी खनिज पदार्थको उत्खनन वा प्रशोधन गर्नको लागि चार किल्ला तोकी सिमाना निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिमाना निर्धारण गर्दा देहायको स्थान वा क्षेत्रमा गर्नु पर्नेछः-

(क) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम निर्माणमुखी खनिज पदार्थको उत्खनन गर्न सकिने स्थान वा क्षेत्र,

(ख) पहिरो वा अन्य प्राकृतिक विपद्को कारणबाट निर्माणमुखी खनिज पदार्थ थुप्रिन गई वस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने स्थान वा क्षेत्र,

(ग) कानून बमोजिम अनुमतिपत्र प्रदान गर्दाका बखत निर्माणमुखी खनिज पदार्थ उत्खनन गर्न तोकिएको स्थान वा क्षेत्र,

(घ) तोकिए बमोजिमको अन्य स्थान वा क्षेत्र ।

(३) यस दफा बमोजिम निर्माणमुखी खनिज क्षेत्रको सिमाना निर्धारण गरिएको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

५. **<u>निर्माणमुखी खनिज पदार्थको संरक्षणः</u>** (१) दफा ३ बमोजिम पहिचान भएको निर्माणमुखी खनिज क्षेत्र र त्यसमा रहेका निर्माणमुखी खनिज पदार्थको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस प्रयोजनका लागि स्थानीय तहले आवश्यक कानून बनाउन सक्नेछ ।

(२) प्रदेशको अधिकार क्षेत्रभित्रको वनक्षेत्रमा रहेको निर्माणमुखी खनिज पदार्थको संरक्षण गर्ने जिम्मेवारी प्रदेश कानूनमा व्यवस्था भए बमोजिम प्रदेश सरकारको हुनेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको खनिज क्षेत्रको संरक्षण नेपाल सरकार आफैंले गर्नेछः-

(क) राष्ट्रिय निकुञ्ज क्षेत्र, सीमसार क्षेत्र, संरक्षण क्षेत्र, वन्यजन्तु आरक्ष क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र रहेको खनिज क्षेत्र,

(ख) यस ऐनमा अन्यथा उल्लेख भएकोमा बाहेक राष्ट्रिय वन क्षेत्रभित्रको खनिज क्षेत्र,

(ग) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र।

६. **<u>व्यावसायिक रुपमा निर्माणमुखी खनिज पदार्थको उत्खनन वा प्रशोधनः</u>** व्यावसायिक रुपमा निर्माणमुखी खनिज पदार्थको उत्खनन, सङ्कलन वा प्रशोधन गर्दा दफा ३ बमोजिम पहिचान भएको खनिज क्षेत्रबाट गर्नु पर्नेछ ।

७. **<u>अनुमतिपत्र प्राप्त गर्नुपर्नेः</u>** (१) दफा ३ बमोजिम पहिचान भएको निर्माणमुखी खनिज क्षेत्रबाट निर्माणमुखी खनिज पदार्थको उत्खनन वा सङ्कलन गर्न वा प्राप्त खनिज पदार्थको प्रशोधन वा बिक्री गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले स्थानीय कानून बमोजिम अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त गर्ने कार्यविधि, अनुमतिपत्रको नवीकरण, खारेजी र दफा ४९ बमोजिमको बार्षिक कार्य योजनाको स्वीकृति तथा त्यस सम्बन्धी अन्य विषय स्थानीय कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी खनिज क्षेत्रबाट निर्माणमुखी खनिज पदार्थको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्नुअघि प्रदेश कानून बमोजिम उद्योग दर्ता गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त नगरी निर्माणमुखी खनिज पदार्थको उत्खनन वा सङ्कलन गर्ने वा प्राप्त खनिज पदार्थको प्रशोधन वा बिक्री गर्ने व्यक्तिलाई सम्बन्धित स्थानीय तहले पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम उद्योग दर्ता नगरी निर्माणमुखी खनिज पदार्थको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्ने व्यक्तिलाई सम्बन्धित प्रदेश सरकारको उद्योग प्रशासन हेर्ने मन्त्रालयले पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(६) उपदफा (३) बमोजिम दर्ता भएको उद्योगले खनिज कार्ययोजना (माइनिङ्ग स्कीम) सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-३

## नदीजन्य निर्माण सामग्रीको संरक्षण, सङ्कलन, उत्पादन र बिक्री

८. **नदीजन्य निर्माण सामग्रीको संरक्षणः** (१) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका नदीजन्य निर्माण सामग्रीको संरक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमानाको नदी किनारामा रहेको नदीजन्य निर्माण सामग्रीको संरक्षण सम्बन्धित सबै स्थानीय तहले गर्नु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले आफ्नो संरक्षणमा रहेका नदीजन्य निर्माण सामग्रीको यस ऐन तथा स्थानीय कानून बमोजिम उपयोग र व्यवस्थापन गर्न सक्नेछ।

९. **नदीजन्य निर्माण सामग्रीको सङ्कलन वा विक्रीः** (१) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका नदीबाट नदीजन्य निर्माण सामग्रीको सङ्कलन र घाटगद्दी गरी बिक्री गर्ने काम आफैंले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले नदीजन्य निर्माण सामग्रीको सङ्कलन र घाटगद्दी गरी बिक्री गर्दा देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) दफा १४ बमोजिम वातावरणीय प्रभाव अध्ययन गराई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणसम्म मात्र सङ्कलनको कार्य गर्ने वा गराउने,

(ख) नदीजन्य निर्माण सामग्रीको सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी प्रत्येक वर्ष गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट स्वीकृत गराउने,

(ग) सङ्कलित नदीजन्य निर्माण सामग्रीको ठेक्का बन्दोबस्त गर्ने भए त्यस्तो काम गर्नुअघि प्रत्येक वर्ष स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणसम्म सम्बन्धित क्षेत्रका प्राविधिकबाट स्थलगत

अध्ययन गराई अद्यावधिक गर्ने र त्यस्ता सामग्रीको परिमाण पुनः यकिन गर्ने,

(घ) नदीजन्य निर्माण सामग्रीको सङ्कलन गरिने क्षेत्र दुई वा दुईभन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्रभित्र पर्ने भएमा त्यस्ता स्थानीय तहहरुले संयुक्त संयन्त्र निर्माण गरी त्यस्तो संयन्त्र मार्फत सङ्कलन र घाटगद्दी गरी बिक्रीको व्यवस्था गर्ने,

(ङ) नदीजन्य निर्माण सामग्रीको सङ्कलन र घाटगद्दी गर्ने स्थलसम्म जाने र फर्कने मार्ग निर्धारण गर्ने,

(च) खण्ड (ङ) बमोजिम निर्धारण भएको मार्गमा नदीजन्य निर्माण सामग्रीको सङ्कलनका लागि ढुवानी साधन सहित प्रवेश गर्न प्रवेशपत्र जारी गर्ने र सोको अभिलेख राख्ने वा राख्न लगाउने,

(छ) नदीजन्य निर्माण सामग्रीको सङ्कलन सम्बन्धी कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने र नदीमा आश्रित जलचरको संरक्षण हुने व्यवस्था मिलाउने,

(ज) तोकिए बमोजिमका अन्य शर्त पालना गर्ने वा गराउने।

(३) स्थानीय तहले यस दफा बमोजिम सङ्कलन गरी घाटगद्दी गरेको नदीजन्य निर्माण सामग्री खुला प्रतिस्पर्धाको आधारमा बढाबढ गरी बिक्री गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि स्थानीय तहले आवश्यक कानून बनाउन सक्नेछ।

१०. **नदीजन्य निर्माण सामग्री जम्मा गर्न सक्ने:** (१) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्रका नदीमा वर्षायाममा बगेर आउने नदीजन्य निर्माण सामग्रीको दफा १४ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आवश्यकता अनुसार बाँध बाँधी आवश्यक परिमाणमा नदीजन्य निर्माण सामग्री जम्मा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जम्मा गर्ने काम आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह र निजी व्यवसायी बीच सार्वजनिक-निजी साझेदारीमा समेत गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जम्मा गरी सङ्कलन गरेको नदीजन्य निर्माण सामग्री घाटगद्दी गरी स्थानीय तहले खुल्ला प्रतिस्पर्धाको आधारमा बढाबढ गरी बिक्री गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सार्वजनिक-निजी साझेदारीको कार्यविधि र प्रारुप (मोडेल) तोकिए बमोजिम हुनेछ ।

११. **खुल्ला प्रतिस्पर्धाबाट बिक्री गर्ने:** (१) दफा ९ को उपदफा (१) वा दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत-लाभ विश्लेषणको आधारमा कुनै खास क्षेत्रको नदीजन्य

निर्माण सामाग्रीको सङ्कलन वा ढुवानी गरी घाटगद्दी गर्ने कार्य ठेक्का मार्फत खुला प्रतिस्पर्धाबाट गराउन उपयुक्त हुने देखिएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी त्यस्तो कार्य गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको ठेक्का सम्झौतामा उल्लिखित परिमाणको नदीजन्य निर्माण सामग्री घाटगद्दी भएपछि त्यस्तो ठेक्का सम्झौता अन्त्य भएको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम घाटगद्दी गरेको नदीजन्य निर्माण सामग्रीको बिक्री सम्बन्धी कार्य सम्वन्धित स्थानीय तहले खुला प्रतिस्पर्धाबाट मूल्य बढाबढ गराई ठेक्का मार्फत गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खुला प्रतिस्पर्धा गराउँदा स्थानीय तहले बनाएको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) स्थानीय तहले यस दफा बमोजिम नदीजन्य निर्माण सामग्रीको सङ्कलन वा बिक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्दा त्यस्तो सामग्रीको परिमाण तोकी वार्षिक रुपमा ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम ठेक्का सम्झौता गर्ने व्यक्तिलाई सम्बन्धित स्थानीय तहले नदीजन्य निर्माण सामग्री सङ्कलन, ढुवानी, घाटगद्दी वा बिक्री गर्न कार्यादेश दिनेछ।

१२. **<u>सङ्कलन गर्न नसकिने:</u>** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नदीजन्य निर्माण सामग्रीको सङ्कलन गर्न सकिने छैनः-

(क) नदीजन्य निर्माण सामग्रीको सङ्कलन गर्ने क्षेत्र आसपास सडक पुल वा झोलुङ्गे पुल वा अन्य कुनै मानवनिर्मित भौतिक संरचना भएको क्षेत्र भए त्यस्तो सडक पुल वा झोलुङ्गे पुल वा संरचनाको एक किलोमिटर तलको भागसम्म र पाँचसय मिटर माथिल्लो भागसम्मको नदी क्षेत्रमा,

(ख) नेपाल सरकारले नदीजन्य निर्माण सामग्री सङ्कलन गर्न नसकिने भनी मापदण्ड बनाई तोकेको क्षेत्रमा,

(ग) मनसुनी वर्षा हुने असार, साउन र भदौ महिनाको अवधिमा,

(घ) कुनै खास अवधिमा कुनै खास नदीबाट नदीजन्य निर्माण सामग्रीको सङ्कलन वा बिक्री गर्न नसकिने गरी स्थानीय तहले निषेध गरेकोमा सो अवधिमा।

१३. **<u>संयुक्त संयन्त्र गठन गर्न सक्ने:</u>** (१) दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमा नदीबाट नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन वा बिक्री गर्न वा त्यस्ता कार्यको अनुगमन र नियमन गर्न सम्बन्धित स्थानीय तहहरुले संयुक्त संयन्त्र गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम नदीजन्य निर्माण सामग्रीको बिक्रीबाट प्राप्त रकम मध्ये प्रदेश सरकारलाई दिनुपर्ने रकम छुट्याई बाँकी रकम सम्बन्धित स्थानीय तहले समन्यायिक रुपमा बाँडफाँट गर्नु पर्नेछ ।

(३) संयुक्त संयन्त्र गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## <u>निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्रीका शर्तहरु</u>

१४. **<u>वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम उत्खनन तथा सङ्कलन गर्नु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्नुअघि वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनमा निर्माणमुखी सामग्रीको उत्खनन वा सङ्कलन गरिने क्षेत्रको भौगर्भिक अवस्थाको समेत विश्लेषण गर्नु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम वातावरण संरक्षण र सुरक्षाका पर्याप्त उपायहरु अपनाउनु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, ढुवानी, बालुवा वा पाँगो धुने वा प्रशोधन गर्ने क्रियाकलापबाट हुने प्रदुषण वा उत्सर्जनबाट वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण वा वातावरणमा अनुकूल प्रभाव अभिवृद्धि गर्न स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित वातावरण संरक्षण सम्बन्धी कार्यहरु गर्नु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने काम गरेको देखिएमा त्यस्तो काममा सुधार ल्याउन वा उत्खनन, सङ्कलन वा प्रशोधन गर्ने काम रोक्न सम्बन्धित स्थानीय तहले अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(७) वातावरणीय अध्ययन प्रतिवेदन तथा त्यसको परिपालना सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ ।

१५. **पूर्व सावधानी अपनाउनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गर्दा त्यस्तो पदार्थको उत्खनन, सङ्कलन वा प्रशोधन गर्नका लागि अनुमतिपत्र प्राप्त गरेको निर्माणमुखी खनिज क्षेत्रबाट मात्र गर्नु पर्नेछ।

(२) स्थानीय तहले दफा ९ वा १० बमोजिम नदीजन्य निर्माण सामग्रीको सङ्कलन वा जम्मा गर्ने वा बिक्री गर्दा वा गराउँदा सम्बन्धित भौगोलिक क्षेत्रभित्रको नदी क्षेत्रमा नै गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको काम गर्दा वा गराउँदा त्यस्तो क्षेत्रमा पर्यावरणीय प्रतिकूल प्रभाव नपर्ने गरी पर्याप्त पूर्व सावधानी अपनाउनु पर्नेछ ।

(४) स्थानीय तह वा अनुमतिपत्र प्राप्त व्यक्तिले यस दफा बमोजिम निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, उत्पादन वा प्रशोधन गर्दा निर्धारित क्षेत्रको समीपवर्ती क्षेत्रका बासिन्दा, जलचर, वन्यजन्तुको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी आवश्यक उपाय र सावधानी अपनाउनु पर्नेछ ।

१६. **वातावरणमैत्री प्रविधिको प्रयोग गर्नुपर्नेः** (१) स्थानीय तह वा अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गर्दा सामान्यतया वातावरणमैत्री प्रविधिको प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माणमुखी खनिज क्षेत्रमा उत्खनन वा सङ्कलन गर्दा भारी यन्त्र वा भारी यान्त्रिक उपकरणको प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमाभित्र रही तोकिए बमोजिमका वातावरणमैत्री प्रविधि, यन्त्र, यान्त्रिक उपकरण तथा ढुवानीको साधन प्रयोग गर्न सकिनेछ।

१७. **निर्माणमुखी सामग्रीको ढुवानीः** (१) निर्माणमुखी सामग्रीको उत्खनन वा सङ्कलन स्थलमा प्रवेश गर्ने ढुवानी साधनको भारवहन क्षमता त्यस्तो सडकमार्गको भारवहन क्षमताको आधारमा तोक्नु पर्नेछ ।

(२) निर्माणमुखी सामग्री ढुवानी गर्दा तोकिए बमोजिमको बढी भारवहन क्षमता भएका ढुवानी साधनलाई प्रवेश गर्न रोक लगाउनु पर्नेछ ।

(३) निर्माणमुखी सामग्री सङ्कलन क्षेत्रदेखि अन्तिम गन्तव्यसम्म त्यस्तो सामग्रीको ढुवानी गर्दा ढुवानीका साधनका धनी तथा चालकले तोकिए बमोजिमको मापदण्ड पालना गरी ढुवानी साधन सञ्चालन गर्नु पर्नेछ ।

(४) ढुवानी साधनको भारवहन क्षमता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **उत्खनन वा सङ्कलनको परिमाणात्मक नियन्त्रणः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन वा सङ्कलन गर्न निर्धारण भएको क्षेत्र वा स्थानबाट स्वीकृत परिमाणभन्दा बढी हुने गरी उत्खनन वा सङ्कलन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम उत्खनन वा सङ्कलनका लागि अनुमतिपत्र जारी गर्नुअघि निर्माणमुखी खनिज पदार्थ भए तोकिएको अधिकारी र नदीजन्य निर्माण सामग्री भए सम्बन्धित स्थानीय तहले सम्बन्धित प्राविधिकबाट गरिएको नाप, जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन वा सङ्कलनको सीमा निर्धारण र रेखाङ्कन गरी परिमाण निर्धारण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उत्खनन वा सङ्कलन गर्ने सीमा निर्धारण र रेखाङ्कन गरिएकोमा निर्धारित क्षेत्रभित्र नै निर्धारित परिमाणभित्र नै उत्खनन वा सङ्कलन भए वा नभएको सम्बन्धमा स्थानीय तहले नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन वा निरीक्षणको क्रममा कुनै क्षेत्र वा स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम उत्खनन योग्य परिमाण र क्षेत्रको उत्खनन भैसकेको पाइएमा तोकिएको अधिकारी वा सम्बन्धित स्थानीय तहले थप उत्खनन वा सङ्कलन गर्ने कार्य तत्काल बन्द गर्न निर्देशन दिनेछ ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिएमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो निर्देशन पालना गर्नु पर्नेछ ।

१९. **उत्खनन, सङ्कलन र प्रशोधन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम राष्ट्रिय निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, राष्ट्रिय वन क्षेत्र, सीमावर्ती क्षेत्रबाट निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गर्न वातावरणीय दृष्टिले आवश्यक देखिएमा नेपाल सरकारले त्यस्तो प्रतिवेदनमा उल्लिखित शर्त तथा प्रक्रिया बमोजिम उत्खनन, सङ्कलन वा प्रशोधन गरी बढीभन्दा बढी लाभ हुने गरी खुला प्रतिस्पर्धा गराई बिक्री गर्न अनुमतिपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, राष्ट्रिय वन क्षेत्र, सीमावर्ती क्षेत्रभित्रको निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गर्दा प्रयोग हुने यन्त्र, यान्त्रिक उपकरण तथा ढुवानीको साधन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित शर्त र मापदण्ड बमोजिमको हुनु पर्नेछ ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् व्यवस्थापन वा जोखिम निवारण वा न्यूनीकरण गर्न चुरे क्षेत्रबाट निर्माणमुखी खनिज पदार्थको उत्खनन वा सङ्कलन नगरी नहुने अवस्था उत्पन्न भएमा उपदफा (२) मा उल्लिखित शर्त र मापदण्डका अतिरिक्त नेपाल सरकारले निर्धारण गरेको थप मापदण्ड र शर्त पालना गरी उत्खनन वा सङ्कलन गर्न वा गराउन सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, भूक्षय जस्ता विपद्का कारणले चुरे क्षेत्रभित्रका नदी, खोला तथा बगरमा थुप्रिन गएको नदीजन्य निर्माण सामग्री समयमा नै नहटाएमा त्यसको कारणबाट थप विपद् उत्पन्न हुन सक्ने वा गम्भीर

जोखिम हुनसक्ने अवस्था देखिएमा त्यस प्रयोजनका लागि प्रचलित कानून बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिले गठन गरेको प्राविधिक टोलीको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम हटाउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम हटाइने नदीजन्य निर्माण सामग्रीको सङ्कलन वा बिक्री सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले प्रतिस्पर्धा गराई ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त उपाय अपनाई गर्न सक्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रभित्र निर्माण कार्य गर्न नदीजन्य निर्माण सामग्री आवश्यक परेमा ती क्षेत्रबाट परिच्छेद-३ बमोजिम नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रयोग र बिक्री गर्न सकिनेछ।

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष क्षेत्र, संरक्षण क्षेत्र, राष्ट्रिय वन क्षेत्र, चुरे क्षेत्र वा मध्यवर्ती क्षेत्रको निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## क्रसर उद्योग सञ्चालन

२०. **उद्योग दर्ता गराउनु पर्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी काम गर्न वा सङ्कलित निर्माणमुखी सामग्रीको प्रशोधन गरी बिक्री गर्ने प्रयोजनको लागि क्रसर उद्योग सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले प्रदेश कानून बमोजिम प्रदेश सरकारको उद्योग सम्बन्धी प्रशासन हेर्ने मन्त्रालयमा उद्योग दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत अनुमतिपत्र प्राप्त नगरी वा प्रचलित कानून बमोजिम दर्ता भई नवीकरण नगरी सञ्चालनमा रहेका क्रसर उद्योग सञ्चालक, व्यक्ति, फर्म वा कम्पनीले यो ऐन प्रारम्भ भएको ६ महिनाभित्र नेपाल सरकारले तोके बमोजिमको दस्तुर र जरिवाना बुझाई प्रदेश सरकारको उद्योग सम्बन्धी प्रशासन हेर्ने निकायमा क्रसर उद्योग दर्ता वा नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय कानून बमोजिम दर्ता भएका क्रसर उद्योग यस ऐन बमोजिम पुनः दर्ता गर्नु पर्ने छैन।

तर, यो ऐन प्रारम्भ भएपछि प्रदेश कानून बमोजिम त्यस्ता उद्योगको नवीकरण गराउनु पर्नेछ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम दर्ता वा नवीकरण नगर्ने क्रसर उद्योगको सञ्चालक, व्यक्ति, फर्म वा कम्पनीलाई प्रदेश सरकारको उद्योग सम्बन्धी प्रशासन

हेर्ने मन्त्रालयले दश लाख रुपैंयाँदेखि पच्चीस लाख रुपैंयाँसम्म जरिवाना गरी त्यस्तो क्रसर उद्योग सञ्चालन गर्न रोक लगाउनेछ।

२१. **<u>उद्योग सञ्चालन गर्दा पालना गर्नु पर्ने मापदण्ड वा शर्त:</u>** (१) दफा २० बमोजिम क्रसर उद्योग सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति तथा बालुवा वा पांगो धुने र प्रशोधन गर्ने यन्त्र (फिरफिरे) को प्रयोग गर्ने वा निर्माणमुखी सामग्री प्रशोधन गर्ने उद्योगले तोकिए बमोजिमको मापदण्ड वा शर्तको पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा शर्त विपरीतको कार्य गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रदेश सरकारको उद्योग सम्बन्धी प्रशासन हेर्ने मन्त्रालयले पाँच लाख रुपैयाँ जरिवाना गर्नेछ।

(३) उद्योगको वार्षिक क्षमताको आधारमा त्यस्तो उद्योगले प्रत्येक वर्षको असार महिनाभित्र आउने आर्थिक वर्षमा उत्खनन, सङ्कलन वा प्रशोधन गर्ने निर्माणमुखी सामग्रीको उत्खनन वा सङ्कलनको स्रोतको विवरण खुलाई सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(४) उद्योगले आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(५) उद्योगले आफूलाई चाहिने निर्माणमुखी सामग्री नदी वा राष्ट्रिय वन क्षेत्रबाट सिधै उत्खनन वा सङ्कलन गरी सोही स्थानमा प्रशोधन वा बिक्री गर्न सक्ने छैन ।

२२. **<u>उद्योग सञ्चालनमा रोक लगाउन सकिने:</u>** (१) कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले यस परिच्छेद बमोजिमको मापदण्ड वा शर्तको पालना नगरी निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो काम नगर्न वा नगराउन त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले आदेश दिएमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी कार्य तुरुन्त बन्द गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई स्थानीय तहले पाँच लाख रुपैयाँ जरिवाना गर्नु पर्नेछ ।

२३. **<u>उद्योग स्थानान्तरण</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका उद्योगले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यस ऐन बमोजिमको मापदण्ड वा शर्त पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र मापदण्ड वा शर्त पूरा नगर्ने वा गर्न नसक्ने उद्योगले तोकिएको अवधिभित्र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम त्यस्ता शर्त वा मापदण्ड पूरा गरी अन्य ठाउँमा उद्योगको स्थानान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित अवधिभित्र स्थानान्तरण नगर्ने उद्योगको दर्ता खारेजी गर्न स्थानीय तहले त्यस्तो उद्योग दर्ता गर्ने निकायमा सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता खारेजी गर्न सिफारिस भई आएमा प्रदेश सरकारको उद्योग प्रशासन हेर्ने मन्त्रालयले त्यस्तो उद्योगलाई पाँच लाख रुपैयाँ जरिवाना गरी उद्योगको दर्ता खारेज गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

## परिच्छेद-६

## रोयल्टी तथा राजस्व सङ्कलन र त्यसको बाँडफाँट

२४. **रोयल्टीः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी खनिज पदार्थको उत्खनन, सङ्कलन वा प्रशोधनमा तोकिए बमोजिमको रोयल्टी रकम स्थानीय तहलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रोयल्टी रकम उत्खनन, सङ्कलन वा प्रशोधनको परिमाणको आधारमा निर्धारण हुनेछ ।

(३) उपदफा (२) बमोजिमको परिमाणको अनुगमन, निरीक्षण तथा अभिलेख सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सङ्कलन भएको रोयल्टी सम्बन्धित स्थानीय तहले निर्माणमुखी खनिज पदार्थको संरक्षण र त्यसमा लागेको प्रशासनिक खर्च छुट्याई संघ, प्रदेश र स्थानीय तह बीच तोकिए बमोजिम बाँडफाँट गर्नु पर्नेछ ।

२५. **सेवा शुल्क वा करः** (१) स्थानीय तहले अनुमतिपत्र प्राप्त व्यक्तिबाट निर्माणमुखी सामग्रीको बिक्री परिमाणको आधारमा स्थानीय तहले बनाएको कानून बमोजिम सेवा शुल्क उठाउन सक्नेछ ।

(२) उद्योगका लागि आवश्यक पर्ने निर्माणमुखी सामग्रीको आपूर्ति गर्दा उपदफा (१) बमोजिम निर्धारित शुल्क स्थानीय तहलाई बुझाएपछि मात्र त्यस्तो निर्माणमुखी सामग्री आपूर्ति गर्न सकिनेछ ।

(३) स्थानीय तहले बालुवा वा पांगो धुने र प्रशोधन गर्ने यन्त्र (फिरफिरे) प्रयोग गर्ने तथा निर्माणमुखी सामग्री प्रशोधन गर्ने उद्योगलाई उत्पादित परिमाणको आधारमा उद्योगको वर्गीकरण गरी स्थानीय कानून बमोजिम व्यवसाय कर लगाउन सक्नेछ ।

(४) यस दफा बमोजिम स्थानीय तहलाई प्राप्त हुने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

२६. **राजस्व बाँडफाँटः** (१) दफा ९, १० वा ११ बमोजिम हुने बिक्री र दफा २५ बमोजिमको सेवा शुल्क वा करबाट सङ्कलित राजस्व मध्ये साठी प्रतिशत रकम सम्बन्धित स्थानीय तह र बाँकी चालीस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको हुने गरी राजस्व बाँडफाँट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजस्व बाँडफाँट गर्दा व्यवस्थापन खर्च, स्रोत संरक्षण खर्च, अनुगमन खर्च र दफा ५५ को उपदफा (२) बमोजिमको खर्चका लागि दश प्रतिशत रकम छुट्याई बाँकी रकम बाँडफाँट गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सङ्कलन हुने रकम स्थानीय तहले सङ्कलन गरी स्थानीय तहले प्राप्त गर्ने रकम स्थानीय सञ्चित कोषमा र प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १९ को उपदफा (५) बमोजिम नदीजन्य निर्माण सामग्री बिक्रीबाट प्राप्त हुने रकमको बाँडफाँट संघ, प्रदेश र स्थानीय तह बीच तोकिए बमोजिम हुनेछ ।

२७. **<u>थप शुल्क उठाउन नसकिने:</u>** कुनै एक स्थानीय तहको कानून बमोजिम उठाएको शुल्क वा दस्तुर तिरी अर्को कुनै स्थानीय तह वा प्रदेशमा प्रयोग हुने निर्माणमुखी सामग्रीको ओसार पसारमा कुनै पनि किसिमको थप कर, शुल्क वा दस्तुर लिन सकिने छैन ।

## परिच्छेद-७

## <u>समन्वय, सहजीकरण, अनुगमन तथा निरीक्षण</u>

२८. **<u>केन्द्रीय समन्वय तथा सहजीकरण समिति:</u>** (१) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री वितरणका सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीच नीतिगत विषयमा समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक केन्द्रीय समन्वय तथा सहजीकरण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन | -संयोजक |
| (ख) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (च) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | -सदस्य |
| (छ) | प्रमुख सचिव, प्रदेश सरकार | -सदस्य |
| (ज) | अध्यक्ष, नेपाल नगरपालिका संघ | -सदस्य |
| (झ) | अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ | -सदस्य |
| (ञ) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य-सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकारका पदाधिकारी, सम्बन्धित क्षेत्रका विषयविज्ञ तथा व्यवसायीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको सचिवालय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२९. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी, बिक्री वा निकासीको नीतिगत तथा प्रक्रियागत विषयमा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई सुझाव दिने,

(ख) खण्ड (क) बमोजिमको विषयमा नेपाल सरकारले बनाउने शर्त, प्रक्रिया तथा मापदण्डको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,

(ग) विभिन्न भौतिक संरचना निर्माणका लागि प्रयोग हुने निर्माणमुखी सामग्रीको गुणस्तर निर्धारणका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(घ) निर्माणमुखी सामग्रीको मुलुकभर सहज आपूर्तिका लागि समन्वय तथा सहजीकरण गर्ने,

(ङ) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधनका क्षेत्रमा प्रदेश सरकार बिच वा स्थानीय तह बिच वा प्रदेश र स्थानीय तहका बिचमा कुनै मतभिन्नता वा द्विविधा उत्पन्न भएमा त्यसको निरुपणका लागि समन्वय गर्ने,

(च) नेपाल सरकारले राष्ट्रिय गौरव वा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भनी तोकेका आयोजनाका लागि आवश्यक निर्माणमुखी सामग्रीको सहज तथा निर्बाध आपूर्तिका लागि आवश्यक प्रबन्ध गर्ने,

(छ) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी तथा गुणस्तरको आधारमा मूल्य निर्धारणको आधार तय गरी सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

३०. **प्रदेश समन्वय तथा सहजीकरण समितिः** (१) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री वितरणका सम्बन्धमा प्रदेशस्तरमा समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक प्रदेश समन्वय तथा सहजीकरण समिति रहनेछः-

(क) सम्बन्धित प्रदेशको वन तथा वातावरण सम्बन्धी -संयोजक

विषय हेर्ने मन्त्री

| | | |
|---|---|---|
| (ख) | प्रमुख सचिव, प्रदेश सरकार | -सदस्य |
| (ग) | प्रतिनिधि, नेपाल नगरपालिका संघ (प्रदेशस्तर) | -सदस्य |
| (घ) | प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ (प्रदेशस्तर) | -सदस्य |
| (ङ) | सचिव, प्रदेश सरकारको भौतिक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (च) | सचिव, प्रदेश सरकारको उद्योग प्रशासन हेर्ने मन्त्रालय | -सदस्य |
| (छ) | प्रमुख, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (ज) | प्रमुख, प्रदेश सशस्त्र प्रहरी बल, नेपाल | |
| (झ) | सचिव, प्रदेश सरकारको वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य-सचिव |

(२) प्रदेश समन्वय तथा सहजीकरण समितिले आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका प्राविधिक विषयविज्ञ, वातावरणविद्, नागरिक समाजका प्रतिनिधि वा व्यवसायीलाई आमन्त्रण गर्न सक्नेछ।

(३) प्रदेश समन्वय तथा सहजीकरण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. **प्रदेश समन्वय तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश समन्वय तथा सहजीकरण समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन तथा बिक्री वितरणको सिलसिलामा प्रदेशस्तरमा विभिन्न निकाय बिच समन्वय र सहजीकरण गर्ने,

(ख) निर्माणमुखी सामग्रीको सहज आपूर्ति र बिक्री वितरणका लागि प्रदेशस्तरका अन्तर निकाय बिच समन्वय गर्ने,

(ग) नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन तथा ढुवानीका सम्बन्धमा स्थानीय तह बिच समन्वय गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

(२) प्रदेश समन्वय तथा सहजीकरण समितिले आर्थिक वर्ष समाप्त भएको मितिले पैंतालिस दिनभित्र केन्द्रीय समन्वय तथा सहजीकरण समितिमा आफ्नो कार्य सम्पादनको प्रतिवेदन पेस गर्नु पर्नेछ ।

३२. **अनुगमन समितिः** (१) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानीको अनुगमन तथा निरीक्षण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| (ख) | प्रमुख वा अध्यक्ष, सम्बन्धित स्थानीय तह | -सदस्य |
| (ग) | प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (घ) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | -सदस्य |
| (ङ) | प्रमुख, सशस्त्र प्रहरी बल, नेपाल (जिल्लास्तर कार्यालय) | -सदस्य |
| (च) | प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालय | -सदस्य |
| (छ) | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कार्यालयमा कार्यरत इञ्जिनियर मध्ये अनुगमन समितिले तोकेको एकजना इञ्जिनियर | -सदस्य |
| (ज) | जिल्ला समन्वय अधिकारी | -सदस्य-सचिव |

(२) अनुगमन समितिले आवश्यकता अनुसार प्राविधिक क्षेत्रका विषयविज्ञ, नागरिक समाजका प्रतिनिधि वा व्यवसायीलाई अनुगमन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) अनुगमन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३३. **अनुगमन समितिको काम कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी वा बिक्री सम्बन्धी काम कारवाहीको अनुगमन तथा निरीक्षण गर्ने,

(ख) अनुगमनका क्रममा निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, वा बिक्री स्थलमा प्रवेश गर्ने, सम्बन्धित व्यक्तिसँग सोधपुछ गर्ने तथा आवश्यक कागजात वा अन्य कुनै जानकारी वा विवरण माग गर्ने,

(ग) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी वा बिक्री गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर्त वा मापदण्ड वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुरुप भए वा नभएको यकिन गर्ने,

(घ) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधनमा निषेध गरिएका मेशिनरी, उपकरण वा तोकिए बमोजिमको क्षमताभन्दा बढी भारवहन

क्षमता भएको ढुवानीको साधन प्रयोग भए वा नभएको यकिन गर्ने र भएको भए कब्जामा लिन प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने,

(ङ) कसैले अनुमतिपत्र प्राप्त नगरी अनधिकृत रुपमा निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गरेको भए त्यस्तो सामग्री र त्यस्तो सामग्री बोकेको ढुवानीको साधन जफत गर्ने,

(च) अनुगमनका क्रममा अनुमतिपत्र प्राप्त व्यक्तिले ठेक्का शर्त उल्लङ्घन गरेको वा राजस्व छली गरी निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गरेको पाइएमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो कार्य तत्काल रोक्न निर्देशन दिने र सचेत गराउने,

(छ) खण्ड (घ) वा (ङ) बमोजिम जफत भएको निर्माणमुखी सामग्री लिलाम बिक्री गर्न सम्बन्धित स्थानीय तहमा लेखी पठाउने,

(ज) प्रत्येक वर्षको भाद्र मसान्त समाप्त भएको पन्ध्र दिनभित्र नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य निर्माण सामग्रीको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सो समेत गर्न सम्बन्धित स्थानीय तहलाई लेखी पठाउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

३४. **<u>स्थलगत निरीक्षणः</u>** (१) अनुगमन समितिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री वितरण यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली वा प्रदेश वा स्थानीय कानून बमोजिम भए वा नभएको यकिन गर्न र अनुगमनको कामलाई सहज बनाउन समितिका सदस्यहरु आफैं वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीको संयोजकत्वमा प्राविधिक निरीक्षण टोली गठन गरी वा कुनै कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन समितिका सदस्यहरु आफैं वा प्राविधिक निरीक्षण टोली वा कुनै कर्मचारीले निरीक्षण गर्दा दफा ३६ को उपदफा (४) बमोजिमको विषयमा स्थलगत निरीक्षण गरी अनुगमन समितिमा प्रतिवेदन दिनु पर्नेछ।

(३) स्थलगत निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **<u>अनुगमन गरी यकिन गर्नुपर्नेः</u>** (१) अनुगमन समितिले अन्य कुराहरुका अतिरिक्त देहायका विषयमा जुनसुकै बखत अनुगमन गरी त्यसको यकिन गर्नु पर्नेछः-

(क) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन र प्रशोधन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना भए वा नभएको,

(ख) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गर्दा स्वीकृत विधि, प्रक्रिया र परिमाण सम्बन्धी व्यवस्थाको पालना भए वा नभएको,

(ग) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गर्दा राजस्व चुहावट वा चोरी निकासी भए वा नभएको,

(घ) निर्माणमुखी सामग्री ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति, भार बहन सीमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना भए वा नभएको,

(ङ) ठेक्का सम्झौताबाट निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गरिएको भए त्यसका शर्त परिपालना भए वा नभएको,

(च) नदीजन्य निर्माण सामाग्रीको बिक्री गर्नु अगाडि घाटगद्दी गरे वा नगरेको,

(छ) सम्बन्धित स्थानीय तहमा सञ्चालित क्रसर उद्योगले निर्धारित मापदण्ड पूरा गरे वा नगरेको,

(ज) दफा २१ तथा ४० बमोजिमका मापदण्ड तथा शर्तहरु पालना गरे वा नगरेको ।

(२) अनुगमन समितिले अनुगमनको क्रममा तत्काल सुधार गर्नु पर्ने देखिएको कुनै विषयमा तत्काल सुधार गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी सम्बन्धी कार्य गर्न तत्काल रोक लगाउन अनुगमन समितिले सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएमा स्थानीय तहले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी सम्बन्धी कार्य गर्न तुरुन्त रोक लगाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रोक लगाएकोमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले अनुगमन समितिले दिएको निर्देशन वा गरेको सिफारिस बमोजिम आवश्यक सुधार गरी निर्देशन वा सिफारिसको पूर्णरुपमा पालन गरेको देखिएमा सम्बन्धित स्थानीय तहले उपदफा (४) बमोजिम गरेको रोक्का फुकुवा गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम अनुगमन गर्दा अनुगमन समितिले माग गरे बमोजिमको सूचना, विवरण, कागजात वा तथ्याङ्क उपलव्ध गराउनु सम्बन्धित स्थानीय तह, अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(७) अनुगमन समितिले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रत्येक ६ महिनामा समिति र दफा ३० बमोजिमको प्रदेश समन्वय तथा सहजीकरण समितिमा गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको प्रतिवेदनमा तोकिए बमोजिमका विवरण उल्लेख गर्नु पर्नेछ ।

३६. **स्थानीय अनुगमनः** (१) सम्बन्धित स्थानीय तहले आफ्ना पदाधिकारी खटाई वा मातहतका कर्मचारीको प्राविधिक टोली गठन गरी आफ्नो क्षेत्रभित्रका नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन, ढुवानी वा बिक्री वितरणको अनुगमन गर्न स्थलगत निरीक्षण गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण कार्य प्रत्येक महिनामा कम्तीमा एक पटक गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खटिएको पदाधिकारी वा प्राविधिक टोलीले निरीक्षणको सिलसिलामा नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन, बिक्री स्थलमा प्रवेश गर्न, सम्बन्धित व्यक्तिसँग सोधपुछ गर्न तथा आवश्यक कागजात वा अन्य कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम खटिएको पदाधिकारी वा प्राविधिक टोलीले स्थलगत निरीक्षण गर्दा अन्य कुराको अतिरिक्त देहायका विषयहरु निरीक्षण गर्नु पर्नेछः-

(क) निर्माणमुखी सामग्रीको सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गर्दा दफा १२, २१ वा ४० बमोजिमको शर्त वा मापदण्ड पालना भए वा नभएको,

(ख) निर्माणमुखी सामग्रीको सङ्कलन वा प्रशोधन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परे वा नपरेको,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको कानून, अनुमतिपत्र वा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे वा नगरेको,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले स्वीकृत परिमाणभन्दा बढी नदीजन्य निर्माण सामग्री सङ्कलन, प्रशोधन गरी बिक्री गरे वा नगरेको,

(ङ) निर्माणमुखी सामग्रीको सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गर्दा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्न वा वातावरणमा अनुकूल प्रभाव अभिवृद्धि गर्न

वातावरण संरक्षणका आवश्यक उपायहरु अवलम्वन गरे वा नगरेको।

(५) उपदफा (१) बमोजिम खटिएको प्राविधिक टोलीले स्थलगत निरीक्षण गर्दा देखिएका विषयहरु समावेश गरी सम्बन्धित स्थानीय तह र अनुगमन समितिमा निरीक्षण प्रतिवेदन पेस गर्नु पर्नेछ ।

३७. **<u>स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेः</u>** (१) स्थानीय तहले दफा ३६ बमोजिम अनुगमन गर्दा वा गराउँदा स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग माग भएमा स्थानीय प्रशासनले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

३८. **<u>सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गर्न रोक लगाउन सक्नेः</u>** (१) दफा ३६ को उपदफा (५) बमोजिमको प्रतिवेदनबाट देहायको अवस्था देखिएमा सम्बन्धित स्थानीय तहले नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गर्ने काम तत्काल रोक्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिनेछः-

(क) नदीजन्य निर्माण सामग्रीको भण्डारणमा गम्भीर क्षति पुगेको वा त्यस्तो क्षति पुग्न सक्ने प्रमाण सहितको आधार देखिएमा,

(ख) नदीजन्य निर्माण सामग्रीको सङ्कलनबाट सर्वसाधारणको जीउ-ज्यान, सम्पत्ति र स्वास्थ्यमा हानि-नोक्सानी वा क्षति हुन सक्ने प्रमाण सहितको आधार देखिएमा,

(ग) नदीजन्य निर्माण सामग्रीको सङ्कलनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव वा भूक्षयको जोखिम देखिएमा,

(घ) नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन वा ढुवानीबाट कुनै भौतिक संरचनामा हानि नोक्सानी हुने देखिएमा,

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिले सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरू पालना गरेको नदेखिएमा,

(च) निर्धारित परिमाणभन्दा बढी नदीजन्य निर्माण सामग्रीको सङ्कलन गरेको वा अनुमतिपत्र प्राप्त नगरेको क्षेत्रबाट सङ्कलन गरेको देखिएमा,

(छ) यस ऐन र अनुमतिपत्रमा उल्लिखित शर्त विपरीत नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी कार्य गरेको देखिएमा।

(२) उपदफा (१) बमोजिम आदेश भएमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले तत्काल नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी कार्य रोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश भएमा स्थानीय तहले सात दिनभित्र सम्बन्धित विषयका विज्ञसहितको प्राविधिक टोली खटाई त्यस्तो क्षेत्रको निरीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खटिएको प्राविधिक टोलीले सो क्षेत्रको स्थलगत अध्ययन समेत गरी विस्तृत अध्ययन प्रतिवेदन स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनबाट उपदफा (१) मा उल्लिखित अवस्था उत्पन्न भएको पाइएमा स्थानीय तहले त्यस्तो हानि नोक्सानी, क्षति वा जोखिम रोक्न अपनाउनु पर्ने आवश्यक उपाय अवलम्बन गर्न वा सङ्कलन, प्रशोधन वा बिक्री सम्बन्धी कार्य गर्दा पालना गर्नु पर्ने शर्त पालना गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश अनुसार अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो हानि नोक्सानी, क्षति वा जोखिम रोक्न आवश्यक उपाय अवलम्बन गरेको वा शर्त पालना गरेको देखिएमा स्थानीय तहले उपदफा (१) बमोजिमको रोक्का फुकुवाको आदेश दिन सक्नेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको प्रतिवेदनबाट नदीजन्य निर्माण सामग्रीको सङ्कलन, प्रशोधन वा बिक्री गर्ने कार्य जारी राख्न उपयुक्त हुने नदेखिएमा स्थानीय तहले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो सङ्कलन, प्रशोधन वा बिक्री गर्ने कार्य बन्द गर्न आदेश दिन सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तह आफैंले सङ्कलन तथा बिक्री सम्बन्धी कार्य गर्दा उपदफा (१) मा उल्लिखित अवस्था उत्पन्न हुनसक्ने भएमा त्यस्तो सङ्कलन वा बिक्री गर्ने कार्य तुरुन्त रोकी यस दफा बमोजिम आवश्यक जाँचबुझ गरी वा गराई त्यसबाट प्राप्त प्रतिवेदनको आधारमा त्यसरी हानि, नोक्सानी, क्षति वा जोखिम रोक्ने आवश्यक उपाय अवलम्बन गरेपछि मात्र त्यस्तो सङ्कलन तथा बिक्री सम्बन्धी कार्य सुचारु गर्न सक्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) को खण्ड (च) मा उल्लिखित कार्य गरेको देखिएमा स्थानीय तहले त्यस्तो निर्माणमुखी सामग्रीको मूल्यको दोब्बर रकम जरिवाना गरी त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र रद्द गर्नु पर्नेछ।

(११) उपदफा (१) बमोजिम आदेश दिंदा स्थानीय तहले सोही उपदफाको खण्ड (क), (ख), (ग), (घ), (ङ) र (छ) मा उल्लिखित कार्य गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई सम्बन्धित स्थानीय तहले पचास हजार रुपैंयाँदेखि दुई लाख रुपैंयाँसम्म जरिवाना गर्नेछ।

(१२) उपदफा (५) बमोजिमको आदेश पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई सम्बन्धित स्थानीय तहले दुई लाख रुपैंयाँदेखि पाँच लाख रुपैंयाँसम्म जरिवाना गर्नेछ।

३९. **कारबाहीका लागि लेखी पठाउने:** (१) दफा १२, २१ वा ४० बमोजिमको शर्त तथा मापदण्ड पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा स्थानीय तहले लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले कारबाही गरी त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

## परिच्छेद-८

## नेपाल सरकारको विशेषाधिकार

४०. **मापदण्ड वा शर्त निर्धारण:** (१) नेपाल सरकारले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वितरण वा ढुवानीका लागि समितिको सिफारिसमा समय समयमा आवश्यक मापदण्ड वा शर्त निर्धारण गर्नेछ र त्यस्तो मापदण्ड वा शर्त नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम मापदण्ड वा शर्त निर्धारण गर्दा हिमाली क्षेत्र, पहाडी क्षेत्र, भित्री मधेश वा तराई क्षेत्रका लागि फरक-फरक हुने गरी निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्धारण भएका मापदण्ड वा शर्तको पालना गर्नु वा गराउनु स्थानीय तह र अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिमको मापदण्ड वा शर्त पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

४१. **निषेधित क्षेत्र घोषणा गर्न सक्ने:** (१) नेपाल सरकारले सम्बन्धित प्रदेश सरकारसँग परामर्श गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, धार्मिक, सांस्कृतिक ऐतिहासिक पर्यटकीय वा सौन्दर्यपरक महत्वको दृष्टिले संवेदनशील मानिएको वा भौगर्भिक अवस्था संवेदनशील भएको कुनै क्षेत्रमा निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी वा बिक्री गर्न नपाउने गरी निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निषेधित क्षेत्र घोषणा भएकोमा प्रदेश सरकार र स्थानीय तहले त्यसको कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित अवस्था देखिएमा प्रदेश सरकारले प्रदेशको क्षेत्राधिकारभित्रको कुनै क्षेत्रमा प्रदेश राजपत्रमा र स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रको कुनै क्षेत्रमा लागू हुने गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी वा बिक्री गर्न नपाउने गरी निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहको कुनै क्षेत्रमा लागू हुने गरी निषेधित क्षेत्र घोषणा गरेकोमा सोही क्षेत्रमा लागू हुने गरी प्रदेश वा स्थानीय तहले निषेधित क्षेत्र घोषणा गर्न आवश्यक पर्ने छैन ।

४२. **निकासीमा रोक लगाउन सक्नेः** राष्ट्रिय सुरक्षा वा आन्तरिक मागलाई व्यवस्थापन गर्न वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित अवधि तोकी वा नतोकी कुनै निर्माणमुखी सामग्रीको निकासीमा रोक वा परिमाणात्मक बन्देज लगाउने गरी आदेश जारी गर्न सक्नेछ ।

## परिच्छेद-९

## कसूर र सजाय

४३. **कसूर र सजायः** (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा ३ बमोजिम पहिचान भएको वा दफा ४ बमोजिम सिमाना निर्धारण भएको क्षेत्रभन्दा बाहिर निर्माणमुखी खनिज पदार्थको उत्खनन वा सङ्कलन गरे वा गराएमा,

(ख) दफा ७ को उपदफा (१) बमोजिम अनुमतिपत्र नलिई निर्माणमुखी खनिज पदार्थको उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गरे वा गराएमा,

(ग) दफा १४ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन विपरीत निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा ढुवानी गरेमा,

(घ) दफा १५ बमोजिम पूर्व सावधानी नअपनाई निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गरेमा,

(ङ) दफा १६, १७ वा १८ विपरीत निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गरेमा,

(च) दफा ४१ बमोजिम निषेध गरिएको क्षेत्रमा निर्माणमुखी सामग्रीको उत्खनन  सङ्कलन, उत्पादन, बिक्री गरे वा गराएमा,

(छ) दफा ४२ विपरीत निर्माणमुखी सामग्रीको निकासी गरे वा गराएमा।

(२) देहायको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) उपदफा (१) को खण्ड (क), (ग) वा (छ) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) उपदफा (१) को खण्ड (ख), (घ) वा (च) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा सात लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय ।

४४. **नेपाल सरकार बादी हुने:** दफा ४३ अन्तर्गतको कसूरमा नेपाल सरकार वादी हुनेछ र त्यस्तो कसूरसँग सम्बन्धित मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

४५. **पुनरावेदन:** यस ऐन बमोजिम प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले दिएको आदेश वा गरेको निर्णय वा जरिवाना उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा र प्रदेश सरकारको उद्योग प्रशासन हेर्ने मन्त्रालयले दिएको आदेश वा गरेको निर्णय वा जरिवाना उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा त्यस्तो आदेश दिएको वा निर्णय वा जरिवाना गरेको थाहा पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

४६. **यन्त्र, उपकरण तथा ढुवानीका साधन नियन्त्रणमा लिन सक्ने:** (१) प्रमुख जिल्ला अधिकारीले यस ऐनको प्रतिकूल हुने गरी कसैले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ओसारपसार सम्बन्धी कार्यमा प्रयोग गरेको यन्त्र, औजार, यान्त्रिक उपकरण वा ढुवानीको साधन वा निर्माणमुखी सामग्री आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिएका औजार, साना उपकरण वा साना ढुवानीका साधन भए एक लाख रुपैंयाँ र भारी यन्त्र, उपकरण वा सवारी साधन भए पाँचलाख रुपैयाँ प्रमुख जिल्ला अधिकारीले जरिवाना गरी त्यस्ता सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद-११

## विविध

४७. **अनुमतिपत्र प्राप्त व्यक्तिको दायित्व:** (१) यस ऐन बमोजिम निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा ढुवानी गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन वा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदिको प्रबन्ध गर्नु पर्ने,

(ख) उत्खनन वा प्रशोधन गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट उत्खनन वा प्रशोधन गरिएको हो सोही

स्थानमा दफा १४ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम जमिनको तह मिलाई सम्याउने,

(ग) उत्खनन वा सङ्कलन कार्य गर्दा दफा १४ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त तथा ठेक्काका शर्त, स्थानीय तहले दिएका निर्देशनहरुको पालना गर्ने।

(२) उपदफा (१) बमोजिमको दायित्व पूरा नगरेमा प्रदेश सरकारको उद्योग सम्बन्धी प्रशासन हेर्ने मन्त्रालयले एक लाख रुपैंयाँदेखि पाँच लाख रुपैंयाँसम्म जरिवाना गर्न सक्नेछ।

४८. **<u>प्रभावित समीपवर्ती क्षेत्रको सामाजिक विकासः</u>** दफा २६ बमोजिम बाँडफाँट भएको राजस्वको रकममध्येबाट तोकिए बमोजिमको रकम निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन तथा प्रशोधनबाट प्रभावित समीपवर्ती क्षेत्रको सामाजिक विकासमा खर्च गर्नु पर्नेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि “सामाजिक विकास” भन्नाले सम्बन्धित स्रोतको संरक्षण तथा सम्बन्धित क्षेत्रमा अस्पताल वा स्वास्थ्य चौकी निर्माण, विद्यालय भवन निर्माण, समुदायको लागि खानेपानी, ढल निकास, वातावरण संरक्षण, वृक्षारोपण, सिंचाई जस्ता समुदायले लाभ प्राप्त गर्नसक्ने सामाजिक काम सम्झनु पर्छ ।

४९. **<u>वार्षिक कार्ययोजना पेस गर्नु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री तथा ढुवानीको वार्षिक कार्ययोजना स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएको विवरणलाई स्थानीय तहले अभिलेख गरी राख्नु पर्नेछ ।

५०. **<u>बजार मूल्य नियमनः</u>** (१) निर्माणमुखी सामग्रीको उत्खनन स्थल, बजारको दुरी र उत्खनन लागत, बजार मूल्य, बजारमा माग तथा आपूर्तिको अवस्था समेतलाई ध्यानमा राखी अस्वाभाविक मूल्य वृद्धी हुन नदिन र निर्माणमुखी सामग्रीको गुणस्तर निर्धारण गर्न अनुगमन समितिले निर्माणमुखी सामग्रीको अधिकतम मूल्य निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मूल्यभन्दा बढी हुने गरी अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको बिक्री गर्न पाइने छैन ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम निर्धारण गरिएको मूल्यभन्दा बढी हुने गरी निर्माणमुखी सामग्रीको बिक्री गरेमा प्रमुख जिल्ला अधिकारीले बिगो बमोजिमको जरिवाना गर्न सक्नेछ।

५१. **<u>अन्य खनिज पदार्थको जानकारी गराउनु पर्नेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम निर्माणमुखी सामग्रीको उत्खनन वा सङ्कलन गर्दा निर्माणमुखी खनिज पदार्थ बाहेक प्रचलित कानून बमोजिम खनिज पदार्थ मानिने अन्य कुनै पदार्थको भण्डार (डिपोजिट) प्राप्त

गरेमा उत्खनन वा सङ्कलन गर्ने काम रोकी तोकिए बमोजिम सम्बन्धित स्थानीय तहलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त हुन आएमा सम्बन्धित स्थानीय तहले त्यस विषयमा यथाशीघ्र नेपाल सरकारलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएमा नेपाल सरकारले तोकिए बमोजिम प्राविधिक टोली खटाई सो विषयमा जाँचबुझ गरी पेट्रोलियम, ग्यास वा अन्य खनिज पदार्थको भण्डार (डिपोजिट) स्थल भए वा नभएको यकिन गरी अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन वा सङ्कलन गर्ने काम जारी राख्ने वा रोक्ने सो विषयमा निर्णय गर्नु पर्नेछ।

५२. **<u>प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था:</u>** (१) नेपाल सरकारले रुपान्तरणकारी, राष्ट्रिय गौरवका वा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भनी तोकेका आयोजनाको लागि आवश्यक निर्माणमुखी सामग्रीको अभाव हुन नदिन सम्बन्धित स्थानीय तहले कानून बमोजिम शुल्क वा दस्तुर लिई त्यस्ता आयोजना कार्यालयको सिफारिसमा स्थानीय तहले निर्धारण गरेको स्थानबाट त्यस्ता आयोजनाको लागि पहिलो प्राथमिकता दिई निर्माणमुखी सामग्रीको आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि यस ऐनका अन्य व्यवस्थाको अधीनमा रही सम्बन्धित आयोजना स्थल वा त्यसको समीपवर्ती क्षेत्रमा क्रसर उद्योग सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने उद्योगको दर्ता तथा सञ्चालन अनुमतिपत्र तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) को प्रयोजनका लागि उपदफा (२) बमोजिम क्रसर उद्योग सञ्चालन गर्न सम्भव नभएमा वा त्यसबाट प्राप्त निर्माणमुखी सामग्री पर्याप्त नभएमा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिसपत्र, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिबद्धता र आयोजना कार्यान्वयन गरी सक्नुपर्ने अवधि लगायतका व्यहोरा खुल्ने गरी स्थानीय तहमा आवश्यक कागजात उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा सम्बन्धित स्थानीय तहले शुल्क वा दस्तुर लिई निर्माणमुखी सामग्री उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम प्राप्त गरेको निर्माणमुखी सामग्रीको दुरुपयोग नहुने गरी आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनु पर्नेछ ।

(६) उपदफा (१) वा (२) बमोजिम उपलब्ध भएको निर्माणमुखी सामग्री सम्बन्धित आयोजनाको प्रयोजनका लागि प्रयोग नगरी अन्यत्र प्रयोग भएको वा बिक्री गरेको पाइएमा

त्यस सम्बन्धमा कारबाही गर्न सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रमुख जिल्ला अधिकारी र आयोजना प्रमुख समक्ष लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम लेखी आएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस विषयमा आवश्यक छानविन गरी निर्माण सामग्रीको सम्बन्धित आयोजनाको प्रयोजनका लागि प्रयोग नगरी अन्यत्र प्रयोग गरेको, लुकाएको वा बिक्री गरेको पाइएमा त्यस्तो काममा संलग्न व्यक्तिलाई पच्चीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम छानविन गर्दा सम्बन्धित आयोजना प्रमुख वा आयोजनामा संलग्न कुनै कर्मचारीको संलग्नता भएको पाइएमा निजउपर विभागीय कारवाही र अन्य कारवाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउनु पर्नेछ ।

तर विभागीय कारवाही नहुने व्यक्ति भए निजलाई आयोजनाबाट हटाउन सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(९) उपदफा (१) बमोजिमको आयोजना र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विकास साझेदारहरुबाट सञ्चालित आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा आयोजनालाई चाहिने निर्माणमुखी सामग्रीको परिमाणका साथै उत्खनन स्थल निर्धारण गरी प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) उपदफा (१) वा (९) बमोजिम आयोजनाको लागि आवश्यक पर्ने निर्माणमुखी सामग्री ओसार पसार र ढुवानी गर्दा यस ऐनमा उल्लिखित मापदण्ड तथा शर्तको पालना गर्नु पर्नेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वैदेशिक सहायताबाट सञ्चालित आयोजनाको सम्बन्धमा नेपाल सरकारसँग भएको सम्झौता बमोजिम निर्माणमुखी सामग्री निःशुल्क उपलब्ध गराउनु पर्ने प्रावधान रहेको भए नेपाल सरकारको निर्णय बमोजिम स्थानीय तहले सम्बन्धित आयोजनाको लागि तोकिएको परिमाणमा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(१२) स्थानीय तह आफैंले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने निर्माणमुखी सामग्री भए सम्बन्धित स्थानीय तहको गाउँ सभा वा नगर सभाको स्वीकृतिमा बिक्री मूल्य तोक्न वा शुल्क मिन्हा गर्न सक्नेछ ।

(१३) उपदफा (१२) को प्रयोजनका लागि आयोजनाको लागत अनुमान स्वीकृत गर्दाका बखतमा नै निर्माणमुखी सामग्रीको मूल्य र शुल्क समायोजन गरेको हुनु पर्नेछ ।

५३. **अभिलेख राख्नु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, बिक्री वा ढुवानी गरेको परिमाणको तोकिए बमोजिम विवरणको दैनिक अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको विवरण प्रत्येक महिनाको पाँच गतेभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

५४. **<u>सूचना पाटी राख्ने:</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन वा प्रशोधन गर्ने क्षेत्रमा त्यस्तो पदार्थको उत्खनन वा सङ्कलन गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चारकिल्ला, उत्खनन वा सङ्कलन गर्ने अवधि र समय, उत्खनन वा सङ्कलनमा प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बरको विवरण खुलाई सर्वसाधारणले देख्ने गरी सूचना पाटी राख्नु पर्नेछ ।

५५. **<u>सुराकी तथा पुरस्कार:</u>** (१) कसैले यस ऐनको प्रतिकूल हुने गरी निर्माणमुखी सामग्री उत्खनन, सङ्कलन, प्रशोधन वा बिक्री गरेको वा चोरी गरी ढुवानी गरेको वा गर्न लागेको सुराकी वा सूचना सम्बन्धित निकायमा दिन सक्नेछ। त्यस्तो सुराकी वा सूचना दिने व्यक्तिको नाम सम्बन्धित व्यक्तिले चाहेमा गोप्य राखिनेछ।

(२) उपदफा (१) बमोजिम दिएको सुराकी वा सूचनाको आधारमा अनुसन्धान गर्दा यस ऐन विपरीत काम भएको प्रमाणित भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो उत्खनन, सङ्कलन वा ढुवानी वा बिक्री भएको निर्माणमुखी सामग्री जफत गरी सुराकीलाई तोकिए बमोजिमको रकम पुरस्कारको रुपमा दिनेछ।

५६. **<u>गुणस्तर निर्धारण गर्ने:</u>** (१) नेपाल सरकारले भौतिक संरचनाको निर्माणका लागि प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गर्ने गुणस्तरको प्रक्रिया तथा सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५७. **<u>गुनासो व्यवस्थापन:</u>** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माणमुखी सामग्री उत्खनन, सङ्कलन, प्रशोधन, ढुवानी वा बिक्री गर्दा कसैलाई कुनै किसिमको हानि नोक्सानी गरेमा त्यस्तो हानि नोक्सानी पुग्ने व्यक्तिले सम्बन्धित स्थानीय तहमा गुनासो गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैको गुनासो प्राप्त भएमा स्थानीय तहले एक्काइस दिनभित्र त्यसको तोकिए बमोजिम गुनासो व्यवस्थापन गर्नेछ ।

(३) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५८. **<u>बिक्री गर्न नहुने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि कुनै पोखरी, संरचना वा आवास निर्माण गर्ने क्रममा जमिनबाट प्राप्त भएको निर्माणमुखी सामग्रीको स्थानीय तहको अनुमतिपत्र नलिई बिक्री गर्न सक्ने छैन।

(२) कसैले उपदफा (१) विपरीत बिक्री गरेमा प्रमुख जिल्ला अधिकारीले एक लाख रुपैंयाँसम्म जरिवाना गर्न सक्नेछ।

५९. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** (१) यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कसूर ठहरिने कुनै काम अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम पनि मुद्दा चलाउन र सजाय गर्न यस ऐनको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

६०. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

६१. **निर्देशिका वा कार्यविधि बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

६२. **ऐन कार्यान्वयन मापनः** (१) यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछिको प्रत्येक पाँच वर्ष पुगेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो ऐन कार्यान्वयनको प्रभाव मापन गर्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम गरेको मापनको प्रतिवेदन संघीय संसदको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ ।

६३. **खारेजी**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. को उपदफा (१) र (३) खारेज गरिएको छ ।